**प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश , २०८२**

**प्रमाणीकरण मितिः**

२०८२।०९।०४

संवत् २०८२ सालको अध्यादेश नं. ०३

# प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूचीमा संशोधन** : प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छ :-

"अनुसूची-१

(दफा २८ को उपदफा (५) र दफा ६० को उपदफा (६) सँग सम्बन्धित)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार

| क्र.सं. | प्रतिनिधित्व हुने समूह | प्रतिशत |
|---|---|---|
| १. | दलित | १३.४४ |
| २. | आदिवासी जनजाति | २८.७२ |
| ३. | खस आर्य | ३०.२८ |
| ४. | मधेशी | १६.१५ |
| ५. | थारु | ६.५२ |
| ६. | मुस्लिम | ४.८९ |

"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय